नेपाल सरकार

## गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कास्की

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम**
**जिल्ला प्रशासन कार्यालय, कास्कीबाट**
**२०७८ साल श्रावण, भाद्र र आश्विन महिनामा**
**सम्पादित कार्यहरुको स्वत: प्रकाशित विवरण**
**(Pro-active Disclosure)**

**२०७८ साल कार्तिक १० गते**

# विषय-सूची


१. जिल्ला प्रशासन कार्यालय, कास्कीको कार्य र प्रकृतिः ........ ३

२. जिल्ला प्रशासन कार्यालय, कास्कीको काम, कर्तव्य र अधिकारः ........ ३

३. जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहने कर्मचारी संख्या र कार्य विवरणः ........ ४

४. जिल्ला प्रशासन कार्यालय, कास्कीवाट प्रदान गरिने सेवाः ........ ४

५. जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहेका शाखा र जिम्मेवार अधिकारी :........ ६

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः........ ६

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :........ ८

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी : ........ ८

९. सम्पादन गरेको कामको विवरण :- ........ ९

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :........ १०

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :........ ११

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण : ........ ११

१३. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :........ ११

१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण..... १२

१५. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धीत विवरण....१२

१६.सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षाण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि .१२

१७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको बिवरणः........ १२

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम
# जिल्ला प्रशासन कार्यालय, कास्कीसँग सम्बन्धित विवरण

*आ.व. २०७८/७९ (२०७८ श्रावण १ गतेदेखि २०७८ आश्विन मसान्तसम्म)*

## १. जिल्ला प्रशासन कार्यालय, कास्कीको कार्य र प्रकृतिः

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो। यस कार्यालयका काम, कर्तब्य र अधिकारहरुलाई मूलतः स्थानीय प्रशासन ऐन, २०२८ ले व्यबस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहबाट जिल्लास्तरमा हुने विकासका कार्यमा समन्वय र सहजीकरण एवम् स्थानीय र प्रदेश सरकारका कानुन कार्यान्वयनमा आवश्यक सहयोग पुराउने, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन एवम् वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, स्वच्छ बजार प्रबर्द्धनका लागि बजार अनुगमन गर्ने र उपभोक्ताको हित संरक्षणमा सरोकारवाला निकायविच उचित समन्वय गर्ने तथा सेवा प्रवाहको अनुगमन गर्ने, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ।

जिल्ला प्रशासन कार्यालय, कास्कीले यस जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (Vision) का साथ विधिको शासन अवलम्वन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु (Goals) लिएर काम गरिरहेको छ। यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्य लिएको छ ।

## २. जिल्ला प्रशासन कार्यालय, कास्कीको काम, कर्तव्य र अधिकारः

क) जिल्लामा शान्ति, सुरक्षा, अमनचयन, अपराध नियन्त्रण र सुव्यवस्था कायम गर्ने।

ख) जिल्लामा संचालित विकासका कार्यहरुमा सहयोग, समन्वय र अनुगमन गर्ने।

ग) जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने।

घ) जिल्लामा आइपर्ने विपद्हरुको ब्यवस्थापन गर्ने।

ङ) जिल्लामा वस्तुहरुको आपूर्तिलाई ब्यबस्थित गर्ने।

च) जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने।

छ) प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा अर्धन्यायिक निकायको भूमिकामा रहि न्याय निरुपण गर्ने।

ज) नेपाली नागरिकताको प्रमाणपत्र वितरण गर्ने।

झ) हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने।

ञ) राहदानी सम्वन्धी कार्य गर्ने।

ट) संस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता तथा नवीकरण गर्ने।

ठ) प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने।

ड) अन्य निकाय वा कार्यालयले कार्यसम्पादन गर्ने भनि तोकिएका विषयहरु कार्यान्वयन गर्ने ।

## ३. जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहने कर्मचारी संख्या र कार्य विवरणः

| सि.नं. | पद | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | २ | |
| ३ | प्रशासकीय अधिकृत | ४ | |
| ४ | नायव सुब्बा | १२ | |
| ५ | कम्प्युटर अपरेटर | ३ | |
| ६ | लेखापाल | १ | |
| ७ | खरिदार | ६ | |
| ८ | हलुका सवारी चालक | ३ | |
| ८ | कार्यालय सहयोगी | ८ | |
| *जम्मा* | | *४०* | |

## ४. जिल्ला प्रशासन कार्यालय, कास्कीवाट प्रदान गरिने सेवाः

### क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवा :

- नाम, थर वा उमेर आदि प्रमाणित।
- नावालकको उमेर प्रमाणित।
- नाबालक परिचय पत्र ।
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस।
- दलित, मधेसी, आदिवासी /जनजाति प्रमाणित।
- पत्रपत्रिका दर्ता।
- छापाखाना दर्ता।

- पारिवारिक विवरण प्रमाणित।
- नाता प्रमाणित।
- तिब्बतीयन शरणार्थी सम्वन्धी कार्य
- विविध कार्य।

### ख) राहदानी सम्वन्धी सेवा :

- राहदानी फाराम संकलन।
- द्रुत सेवाको लागि अभिलेख प्रमाणित।
- राहदानी वितरण।
- MRP को विवरण संशोधन।

### ग) नागरिकता सम्वन्धी सेवा :

- वंशजको आधारमा नागरिकताको प्रमाण पत्र वितरण।
- वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वितरण।
- नामथर जन्म मिति सामान्य संशोधन।

### घ) मुद्दा तथा ठाडो उजुरी सम्वन्धी सेवा :

- सार्वजनिक मुद्दा
- गुनासो वा ठाडो उजुरी।

### ङ) हातहतियार इजाजत तथा नवीकरण तथा पेन्सन सिफारिस सम्वन्धी सेवा :

- हातहतियार इजाजत, नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण।
- पारिवारिक पेन्सन, शपथ पत्र, दुई नामथर र जन्ममिति प्रमाणित, रहलपलह सम्वन्धी सिफारिस

### च) संस्था दर्ता तथा नवीकरण सम्वन्धी सेवा :

- संस्था दर्ता।
- संस्था नवीकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

### छ) आपूर्ति व्यवस्था अनुगमन सम्वन्धी सेवा :

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन।

### ज) विपद् व्यवस्थापन सम्वन्धी सेवा :

- जिल्ला विपद् व्यवस्थापन समितिको वैठक व्यवस्थापन।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण।
- विपद् न्यूनीकरणका लागि पूर्वतयारी।
- विपद्मा भएको क्षति विवरण संकलन।

- विपद्मा पीडित भएकालाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुनःस्थापना।

### झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवा :

- अ.दु.अ.आ. बाट प्राप्त निर्देशन बमोजिमका कार्य गर्ने ।

## ५. जिल्ला प्रशासन कार्यालय, कास्कीमा रहेका शाखा र जिम्मेवार अधिकारी :

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकृत<br>गुनासो सुन्ने अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा | प्र.अ. घनश्याम गौतम/<br>प्र.अ. ध्रुवसिंह खड्का | **प्र.जि.अ. जयनारायण आचार्य**<br>**स.प्र.जि.अ कृष्णचन्द्र पौडेल**<br>**स.प्र.जि.अ अनिल कुमार शाही** |
| २ | राहदानी शाखा | प्र.अ. लक्ष्मण बराल/<br>प्र.अ. घनश्याम गौतम | |
| ३ | नागरिकता शाखा | प्र.अ. लक्ष्मण बराल | |
| ४ | मुद्दा शाखा | प्र.अ. घनश्याम गौतम | |
| ५ | प्रतिलिपि नागरिकता शाखा | प्र.अ. लक्ष्मण बराल | |
| ६ | लेखा शाखा | लेखापाल तुलसी गुरुङ्ग<br>आर्थिक प्रशासन शाखा | |
| ७ | हातहतियार | प्र.अ. ध्रुवसिंह खड्का | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कै |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु.२० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | नावालक -२५००।-<br>साधारण - ५०००।- | प्रक्रिया पुगेकै दिन | |

| | | | | |
|---|---|---|---|---|
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | - | प्राप्त भएपछि | |
| ७ | गुनासो वा ठाडो उजुरी | रु.१० को टिकट | यथाशीघ्र | |
| ८ | नामथर, उमेर आदि प्रमाणित | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोही दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोही दिन | |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोही दिन | |
| ११ | संस्था दर्ता | रु.१०००।- | सवै प्रक्रिया पुगे पश्चात सोही दिन | |
| १२ | संस्था नवीकरण | रु.५००।- | सोही दिन | |
| १३ | संस्थाको विधान संशोधन | रु.१० को टिकट | सोही दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु.१० को टिकट | प्रक्रिया पुगे सोही दिन | |
| १५ | दलित, मधेशी, आदिवासि सिफारिस | रु.१० को टिकट | सोही दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक - रु.१०००।-<br>साप्ताहिक -रु. ५००।-<br>पाक्षिक - रु.३००।-<br>मासिक - रु.२००।- | सवै प्रक्रिया पूरा भए पश्चात सोही दिन | |
| १७ | छापाखाना दर्ता | रु.१०००।- | सवै प्रक्रिया पूरा भए पश्चात सोही दिन | |
| १८ | हातहतियार नामसारी | रु.१०००।- | प्रक्रिया पुगे पश्चात सोही दिन | |
| १९ | हा.ह. जिल्ला भित्रको नवीकरण<br>• पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको<br>• टोटावला बन्दुक वा मिनिएचर राइफल प्रत्येकको<br>• भरुवा बन्दुक प्रत्येकको | • रु ३,००० ।-<br>• रु २,०००।-<br>• रु १५००।- | प्रक्रिया पुगे पश्चात सोही दिन | |

| | | | | |
|---|---|---|---|---|
| | • हावादारी बन्दुक प्रत्येकको | • रु १००० ।- | | |
| २० | हा.ह. नेपाल भरिको नवीकरण<br>• पिस्तोल, रिभल्वर वा मिनिएचर राइफल सहित अन्य राइफल प्रत्येकको<br>• टोटावला बन्दुक वा मिनिएचर राइफल प्रत्येकको<br>• भरुवा बन्दुक प्रत्येकको<br>• हावादारी बन्दुक प्रत्येकको | • रु ४,००० ।-<br>• रु ३,०००।-<br>• रु २०००।—<br>• रु १५०० ।- | प्रक्रिया पुगे पश्चात सोही दिन | |
| २१ | नामथर जन्म मिति संशोधन | रु.१० को टिकट | प्रक्रिया पुगे पश्चात सोही दिन | |
| २२ | नाता प्रमाणित | रु.१० को टिकट | सोही दिन | |
| २३ | क्षतिपूर्ति एवं राहत वितरण | | सवै कागजात भए पश्चात यथाशिघ्र | |
| २४ | सार्वजनिक शान्ति विरुद्धको कसूर सम्वन्धी मुद्दा | रु.१० को टिकट | कानून वमोजिम | |
| २५ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | रु.१० को टिकट | आयोगबाट प्राप्त समयसीमा भित्र | |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

### क) निर्णय गर्ने प्रक्रिया :

- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली,२०६५, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४, लगायत प्रचलित कानून बमोजिम।

### ख) निर्णय गर्ने अधिकारी :

- प्रमुख जिल्ला अधिकारी
- सहायक प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतहरु : प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- प्रमुख जिल्ला अधिकारी
- सहायक प्रमुख जिल्ला अधिकारी र
- प्रचलित कानून बमोजिम जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्नुपर्ने कार्यका सम्बन्धमा परेका उजुरी र निर्णय सुन्ने अधिकार प्रमुख जिल्ला अधिकारी वा अधिकार प्रत्यायोजन गरी अधिकार प्राप्त अन्य पदाधिकारी ।

## ९. सम्पादन गरेको कामको विवरण : -

*(२०७८ श्रावण देखि २०७८ आश्विन मसान्तसम्म)*

| सि.नं. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नागरिकता वितरण *(वंशजको आधारमा प्रतिलिपि वाहेक)* | ३५१० | परित्याग- ३ थान<br>रद्द- ० थान<br>पुन प्राप्ति- ० थान |
| २ | वैवाहिक अंगीकृत नागिरकता | २ | |
| ३ | नागरिकताको प्रतिलिपि वितरण | १८०५ | |
| ४ | राहदानी सिफारिस (सामान्य) | २५७२ | |
| ६ | राहदानी सिफारिस (द्रुत) | २८६ | |
| ७ | गुनासो वा ठाडो उजुरी | १०४ | सुरक्षा सम्बन्धि ९८<br>सामान्य प्रकृति ६ |
| ८ | नामथर उमेर आदि प्रमाणित | ३७ | |
| ९ | नावालक परिचयपत्र | १११ | |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | ५९४ | |
| ११ | संस्था दर्ता | २३ | |
| १२ | संस्था नवीकरण | ३५५ | |
| १३ | संस्थाको विधान संशोधन | ५ | |
| १४ | दलित, मधेशी, जनजाती, खस आर्य सिफारिस | १३८ | |
| १५ | पत्रपत्रिका दर्ता | १ | |
| १७ | हातहतियार नामसारी | १ | |
| १८ | हातहतियार नवीकरण | १३८ | |
| १९ | प्रकोप पीडितलाई राहत वितरण | ७९ जना | १७,२३,०००।—(आश्विन मसान्त सम्म) |

| | | | |
|---|---|---|---|
| २० | सार्वजनिक अपराध सम्वन्धी मुद्दा | दर्ता :- ६७<br>फछ्यौटः- ७६ | |
| २१ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | १३ वटा | प्रारम्भिक कार्य अगाडी बढाइएको/ सम्बन्धित निकायलाई निर्णय कार्यान्वयनको लागि लेखि पठाइएको । |
| २२ | एकीकृत घुम्ति शिविर आयोजना | नभएको | |
| २३ | वजार अनुगमन | १४ | दैनिक उपभोग्य वस्तुहरुसँग सम्बन्धित पसलहरु र औषधि पसलहरुको अनुगमन गरिएको |
| २४ | विकास आयोजना निरिक्षण | ३ | • पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल<br>• नयाँ मोदी १३२ के.भि. आयोजना<br>• रुपाताल संरक्षण एकीकृत विकास परियोजना |
| २५ | सार्वजनिक सुनुवाई कार्यक्रमहरुको समन्वय | निरन्तर | |
| २६ | प्रकोप प्रभावित क्षेत्रहरुको स्थलगत निरिक्षण | आवश्यकता अनुसार गरिएको | पोखरा महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका, मादी गाउँपालिका |
| २७ | सेवाग्राही सन्तुष्टि स्तरको मापन | उत्तम | |
| २८ | राजनीतिक दलहरु, गै.स.स. र नागरिक समाजसँगको समन्वय | राम्रो | |
| २९ | वजार सरसफाई अभियानको समन्वय | प्रभावकारी | |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

### क) कार्यालय प्रमुख :

- नामः जयनारायण आचार्य
- पदः प्रमुख जिल्ला अधिकारी
    - मोवाइल नम्वर : ९८५६००७७७७

### ख) सूचना अधिकारी :

- नामः कृष्णचन्द्र पौडेल
- पदः सहायक प्रमुख जिल्ला अधिकारी
    - मोवाइल नम्वर : ९८५६०३७५०१

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- राहदानी ऐन, २०७६
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- उपभोक्ता संरक्षण ऐन, २०५४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०७७
- संस्था दर्ता नियमावली, २०३४
- हातहतियार खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- गृह प्रशासन सुधार कार्य योजना, २०७४
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवारसम्वन्धी अद्यावधिक विवरण :

*(२०७८ श्रावण १ गतेदेखी २०७८ आश्विन मसान्तसम्म)*

- जम्मा राजश्व रु : १,५४,५४,०९०।-
- जम्मा खर्च रु : ८१,४०,३८७।५०
- जम्मा वेरुजु रकम रु : १२,३६,६१७।९०
- फछ्यौंट भएको बेरुजु रकम : फछ्यौट नभएको

## १३. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :

- २०७८ श्रावण देखि २०७८ आश्विन मसान्तसम्म २ जना सरोकारवालाबाट व्यक्ति सूचना माग गर्न आएको र कानूनसम्मत् तरिकाबाट सूचना उपलब्ध गराइएको ।

## १४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।

- नभएको ।

## १५. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धीत विवरण

- कुनै किसिमको सहायता, अनुदान प्राप्त नभएको ।

## १६. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षाण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।

- मुद्दासँग सम्बन्धित तथा अनुसान्धानसँग सम्बन्धित तथा अनुसन्धानको क्रममा रहेको विवरणहरु सरोकारवाला निकायलाई मात्र उपलब्ध गराउन सकिने छ । साथै अदालत वा माथिल्लो निकायको आदेश भएमा बाहेक नागरिकता र संस्थासँग सम्बन्धित बिवरण सम्बन्धित ब्यक्ति र संस्थालाई बाहेक उपलब्ध गराइने छैन ।

## १७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको बिवरणः

- बेवसाईटः http://daokaski.moha.gov.np
- ईमेलः daokaski@moha.gov.np, daokaski@gmail.com
- फेसबुक पेजः District Administration Office, Kaski
- फोन नंः ०६१-४५१७६४
- फ्याक्सः ०६१-४६१९६२

**(कृष्णचन्द्र पौडेल)**
सहायक प्रमुख जिल्ला अधिकारी
एवम्
सूचना अधिकारी
**जिल्ला प्रशासन कार्यालय, कास्की**

*प्रकाशन मिति : २०७८।०७।१० गते*